नेपाल सरकार
स्थानिय विकास मन्त्रलाय
स्थानिय पूर्वाधार तथा कृषि सडक विकास विभाग
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP)
आयोजना समन्वय इकाई (PCU/CISC)

# सडक निर्माण कार्यान्वयन समिति
# Road Building Implementation Committee (RBIC)
# को गठन एवं जिम्मेवारी सम्बन्धमा जारी भएको मार्गदर्शन-२०६५

## १. पृष्ठभूमि :

उपभोक्ता समूह परिचालन गरी गरिने आयोजनाको निर्माण कार्यहरुलाई ब्यवस्थित बनाउन, संलग्न स्थानीय कामदार समूहहरु बीच समान ब्यवहार कायम राख्न, गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समितिसंग समन्वय गर्न, आयोजनाको सम्झौता गर्न एवम् आयोजनाको कार्यान्वयनमा कार्यालयलाई सहयोग एवं सञ्चालन गर्नका लागि सडक निर्माण कार्यान्वयन समिति (Road Building Implementation Committee) को गठन हुनेछ ।

## २. गठन बिधि :

सडक निर्माण समूह (RBG) हरुको भेलाले आफूमध्येबाट ७ देखि ९ जना सम्म रहने गरी सडक निर्माण कार्यान्वयन समिति (Road Building Implementation Committee) को गठन गर्नेछन् । सो को अनुमोदन गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति (VICCC) मार्फत जिल्ला आयोजना कार्यालय (DPO) ले गरेको हुनुपर्दछ । सो समितिमा कम्तिमा ३३ प्रतिसत महिला सहित अध्यक्ष, उपाध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला हुनुपर्नेछ । यस्तो समिति गठन गर्दा आयोजनाको लागि पर्याप्त समय दिन सक्ने, नेतृत्व दिन सक्ने, कम्तिमा १ जना सदस्य लेखपढ गर्न जान्ने हुनुपर्नेछ तर स्थानीय निकायका प्रतिनिधिहरु सडक निर्माण कार्यान्वयन समितिको सदस्य हुनु हुँदैन । सडक निर्माण समूहहरुबाट प्रतिनिधित्व हुन नसकेमा वा सम्बन्धित गा.वि.स.मा सडक निर्माण समूह (Road Building Group) गठन हुन नसकेको अवस्थामा नजिकको गा.वि.स.का गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समितिहरु संग समन्वय गरी सडक निर्माण कार्यान्वयन समिति (RBIC) गठन हुनेछ । सो को अभिलेख जिल्ला प्राविधिक कार्यालय मातहतमा रहेको जिल्ला आयोजना कार्यालय (DPO) मा राखिनेछ ।

## ३. सडक निर्माण कार्यान्वयन समितिको भूमिका तथा जिम्मेवारीहरु :

सडक निर्मााण कार्यान्वयन समितिको निम्न बमोजिम भूमिका तथा जिम्मेवारी रहनेछ ।

३.१ जिल्ला आयोजना कार्यालय (DPO) संग आयोजनाको सम्झौता गर्ने । तर एकपटकमा तीस हजार (३०,०००) यू. एस. डलर सम्मको निर्माण कार्यको सम्झौता मात्र हुनेछ । आयोजना कार्यालयले आवश्यक ठानेमा, निर्माण कार्य बढी भएमा पटक-पटक सडक निर्माण कार्यान्वयन समिति संग सम्झौता गर्न सक्नेछ ।

३.२ सडक आयोजनासंग सम्बन्धित सम्झौताका सर्त तथा महत्व बारे उपभोक्ताहरुलाई जानकारी गराउने ।

३.३ समितिका पदाधिकारी बीच कामको बाँडफाँड गर्ने ।

३.४ जिल्ला आयोजना कार्यालय (DTO/DPO) का प्राविधिकहरुबाट भएको नाप जाँचको आधारमा पाउने ज्याला RBG हरुलाई उनीहरुको काम अनुरुप भुक्तानी दिने ।

३.५ प्रत्येक महिनाको एकपटक आयोजनाको प्रतिवेदन तयार गरी गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति तथा जिल्ला आयोजना कार्यालय (DPO) मा पठाउने ।

३.६ उपभोक्ताहरुको भेला बोलाई नियमित रुपमा सार्वजनिक लेखा परिक्षण (Public Audit) गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समितिको रोहवरमा गर्ने । यस्तो वैठकमा कम्तिमा ५०% भन्दा बढी RBG का सदस्य, गा.वि.स. प्रतिनिधि, आयोजना कार्यालयका कर्मचारीहरु तथा DIST का सामाजिक परिचालन विज्ञ/परिचालकहरुको उपस्थिती हुनुपर्नेछ । वैठकले आयोजना प्रगतिको मूल्याङ्कन गर्नेछ । मूल्याङ्कनको आधारमा थप किस्ता माग गर्न सकिनेछ ।

३.७ आयोजनासंग सम्बन्धित कुनै समस्या आएमा गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति संग समन्वय गरी समस्या समाधान गर्ने ।

३.८ आयोजना सम्पन्न गरी गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति मार्फत आयोजनाको हिसाब फर्स्यौट् र फरफारक गर्ने ।

३.९ समान कामको लागि महिला पुरुषको समान ज्याला तोक्ने ।

३.१० वालवालिकाहरुलाई निर्माण कार्यमा निषेध गर्ने ।

३.११ निर्माण कार्य सम्पन्न भएपछि प्रयोग भएका औजारहरु कामदारहरुबाट फिर्ता लिई सुरक्षित राख्ने र फिर्ता भएका औजारहरुको विवरण गाउँ स्तरीय पूर्वाधार निर्माण समन्वय समिति (VICCC) बाट प्रमाणित गराई आयोजना कार्यालयमा पेश गर्ने ।

३.१२ सम्पन्न आयोजनाको सञ्चालन, मर्मत सम्भार गर्न सहयोग गर्ने ।